म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ८९ बिहीबार, १८ कात्तिक २०७८ औंसी ने. सं. ११४१ कौलाथ्व 4 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्थाजान्न,

## ड्रोनबाट गाँजा खोज्दै प्रहरी



साझाकुरा संवाददाता

हेटौंडा/प्रहरीले मकवानपुरमा ड्रोनको सहायताबाट लागूऔषध गाँजा खेतीको खोजी गर्दै फडानी सुरु गरेको छ ।

यसअघि खेती भएको क्षेत्रमै पुगेर गाँजा फडानी गर्दै आएको प्रहरीले ड्रोन (क्यामेरा)को मद्दतले स्थान पत्ता लगाएर नष्ट कार्यलाई तीब्रता दिएको हो । गाँजा फडानीको लागि प्रहरी प्रधान कार्यालय लागूऔषध नियन्त्रण ब्यूरो काठमाडौं, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, बागमती प्रदेश दंगा प्रहरी नियन्त्रण गण हेटौंडा, जिल्ला प्रहरी कार्यालय मकवानपुरको संयुक्त टोलीले खटेको छ ।

टोलीले हालसम्म मकवानपुरको कैलाश गाउँपालिकामा प्रहरीले ४५ बिगाहा १० कठ्ठा क्षेत्रफलमा लगाइएको गाँजा खेती नष्ट गरेको छ । गाँजा पडानी गर्ने अभियान अन्तर्गत प्रहरीले तीन दिन अवधिमाउक्त परिणामको गाँजाखेति नष्ट गरेको हो । प्रहरी निरीक्षक अविनाश खड्काको कमाण्डमा खटिएको ७२ जनाको टोलीले कैलाशको ४, ७, ९, १० मा लगाइएको गाँजाखेती फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# ऐतिहासिक चिसापानीगढीको मुहार फेरिँदै

## प्रधानसेनापति प्रभुराम शर्माले गरे संरक्षण पूर्वाधार निर्माणको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा/प्रधानसेनापति प्रभुराम शर्माले चिसापानीगढी क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माणको शिलान्यास गरेका छन् ।

प्रधानसेनापति शर्माले बुधबार मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानीगढी क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माणको शिलान्यास गरेका हुन् । शिलान्याससँगै पुनर्निर्माणको ओझेलामा परेको गढीले मुहार फेर्ने पक्का भएको छ । शर्माले एक समारोहबीच उक्त गढी क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माणको शिलान्यास गरेका थिए ।

उक्त निर्माण कार्यको शिलान्यास गर्दै प्रधानसेनापति शर्माले चिसापानी गढीसहित देशभरको गढीले देशको रक्षाका लागि महत्वपूर्ण भूमिका खेलेकोले यसको संरक्षण गर्न आवश्यक रहेको धारणा राखे । उनले चिसापानी गढी आफैमा महत्वपूर्ण रहेको र प्रमाणितसिद्ध भइसकेकोले त्यसको बयान गर्न जरुरी नरहेको बताए । 'नेपाली सेनाले देशको सिमा रक्षाको लागि प्रयोग गरेको ऐतिहासिक चिसापानी गढीलाई भीमफेदी गाउँपालिकाले देखाएको चासोप्रति खुसी व्यक्त गर्दछु ।' उनले भने, 'अन्य स्थानमा रहेको विभिन्न गढीलाई पनि संरक्षण गर्न आवश्यक छ ।' नेपाली सेनाले चिसापनीगढी र देशभर भएका यस्ता गढीको संरक्षणको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने र आवश्यक परेको खण्डमा सहयोग गर्न सदैव तयार हुने प्रतिबद्धता जनाए ।

शिलान्यास कार्यक्रम भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको सभाध्यक्षता तथा प्रधानसेनापति शर्माको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, विभिन्न राजनीति दलका प्रतिनिधिहरु, संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

दशकौंपछि ऐतिहासिक चिसापानीगढी क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माणको काममा गाउँपालिकाले सक्रियता बढाएको हो । संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको ७० र भीमफेदी गाउँ-पालिकाको ३० प्रतिशत लगानीमा ऐतिहासिक चिसापानीगढी संरक्षण तथा पूर्वाधार निर्माण आयोजनाको काम अघि बढाइएको गाउँपालिकाका अध्यक्ष लामाले जानकारी दिए ।

कुल २८ करोडको गुरुयोजनासहित अघि बढाइएको उक्त आयोजनाको लागि चालु आर्थिक बर्षमा ५ करोड रुपैयाँ विनियोजन गरिएको छ । निर्माण व्यवसायी कम्पनी अनक/माउन्टेन /गोले जेभीसँग गत कात्तिक ७ गते ३ करोड ७ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको गाउँपालिकाका योजना प्रमुख बद्री सापकोटाले जानकारी दिए ।

चालु आर्थिक बर्षमा बास्तुकलायुक्त प्रवेशद्वारा तथा चिसापानीगढी क्षेत्रको करिब ४ बिगाह क्षेत्रफलमा कम्पाउण्ड वाल निर्माण, आकर्षक नेपालको नक्सा निर्माण, सो क्षेत्रमा रहेको इनार पुन:निर्माण तथा संरक्षण र सरसफाइको काम सम्पन्न गरिने र २ बर्ष भित्रमा अन्य निर्माण तथा संरक्षणका कामहरु सम्पन्न गरिने सापकोटाले बताए ।

हेटौंडाबाट करिब २९ किलोमिटर उत्तरमा पर्ने चिसापानी गढी अहिले जीर्ण अवस्थामा छ । मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीभन्दा केहीमाथि र देउराली डाँडाको मुनिपट्टि अवस्थित गढीमा अझै पनि त्यतिबेला युद्धमा प्रयोग भएको तोपको अवशेष रहेको छ । चिसापानीमा बटुक भैरवको मन्दिर पनि छ । सो क्षेत्रमा प्रशस्त पर्यटनको सम्भावना भएका कारण त्यसको विकास, प्रर्वद्धन र प्रचारप्रसारका लागि पालिकाले पर्यटन गुरुयोजना तयार गरेको छ । उक्त कार्यले र ाष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा ऐतिहासिक चिसापानीगढीमा पर्यटकलाई आकर्षण गर्न सहयोग पुग्ने पालिकाले विश्वास लिएको छ ।

तत्कालीन राजकीय परिवेशमा सुरक्षा जाँच चौकी, राहदानी चेकपोष्ट तथा सामरिक महत्वको चिसापानी गढी, त्यहाँ रहेको बटुक भैरव मन्दिर र कालीतोपको छुट्टै पहिचान छ । उक्त गढीमा आ्नो भयानक गर्जन र भारतको रक्सौलसम्म मारकक्षमता रहेको कालीतोप, यत्रतत्र छरिएर रहेका कार्तुस तथा गोलाहरुले अवलोकनकर्तालाई तत्कालिन समयको परिकल्पना गराउन मद्दत पुऱ्याउँछ ।

चन्द्रागिरि, कुलेखानी, भीमफेदी, हेटौंडा, वीरगञ्ज, रक्सौल जाने एकमात्र बाटो यही रहेकाले र देशभित्र शत्रुहरुको घुसपैठ नहोस् भन्नका लागि तत्कालिन समयमा बडाहाकिममार्फत् चेक र अनुमतिपत्र लिएरमात्र काठमाडौं प्रवेश गर्न पाइने गरेको जानकारहरु बताउँछन् । विकट स्थानमा रहेको किल्लामा बस्ने नेपाली फौजका लागि पर्याप्त पानीको सुविधा होस् भन्नका लागि इनार खनिएको थियो, जुन अहिले पनि छ ।

चिसापानीगढी किल्लाको निर्माण वैज्ञानिक छ । किल्लाभित्रबाट पानी र थप हतियार ल्याउन सुरुङ तयार गरिएको छ । सुरुङमा भर्याङ खुड्किला बनाउँदा सहज हुन्छ भन्ने सोचिएको देखिन्छ । भीमफेदी पुरानो बस्ती भएको क्षेत्र हो ।

ऐतिहासिक चिसापानी गढीमा परापूर्वकालमा काठमाडौं उपत्यका जानका लागि भिसा लगाउने काम हुन्थ्यो । चिसापानी गढीमा रहेको कालीतोप, बडाहाकिमको घरलाई जस्ताको तस्तै राखेर संरक्षणको प्रयास थालिने अध्यक्ष लामाले बताए ।

# बानियाँद्वारा चार सय परिवारलाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले मकवानपुरगढी गाउँपालिका वडा नम्वर ८, बुढीचौरका चार सय परिवारलाई खाद्यान्न सहयोग गरेका छन् ।



नेता बानियाँले कांग्रेस मकवानपुरगढी गाउँपालिकाले बुधबार आयोजना गरेको शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रममा स्थानीय चार सय घरपरिवारलाई खाद्यान्न वितरण गरेका हुन् । उनले प्रतिपरिवारलाई २५ किलो चामल, नुनु, दाललगायत खाद्य सामाग्री सहयोग गरेका हुन् ।

कांग्रेस मकवानपुरगढी गाउँपालिका ८ का वडा सभापति बेदनाथ न्यौपानेको सभाध्यक्ष तथा नेता बानियाँको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा प्रतिनिधिसभा १ का संघीय सभापति यतिराज सापकोटा, क्षेत्रीय सभापति लोक मुक्तान, हेटौंडा उपमहानगरपालिकाका निवर्तमान सभापति आनन्दराम पराजुली, वडा अध्यक्ष कुमार सिं घिसिङलगायतको उपस्थिति रहेको थियो ।

हार्दिक मङ्गलमय शुभकामना

सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र बिक्रेता बन्धुहरुमा सुख, समृद्धि र दीर्घायूका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै तिहार बिदाका कारण साझाकुराको अर्को अङ्क कात्तिक २२ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।

सरला खनाल (सम्पादक)
एवम्
साझाकुरा राष्ट्रिय दैनिक, परिवार

कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- पद : चालक (२ जना)
- उमेर : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव

- पद : कन्डक्टर (१ जना महिला/पुरुष)
- उमेर : २५-३५ वर्षसम्म

- तलब/भत्ता : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

सम्पर्कः
९८५५०६८८७३, ९८४५४५७५०७

हार्दिक मङ्गलमय शुभकामना

पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, समृद्धि र दीर्घायूको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्ञानराज लामा (संचालक) एवम्
शुभ डेरी इण्डष्ट्रिज, परिवार

हार्दिक मङ्गलमय शुभकामना

पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, समृद्धि र दीर्घायूको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बिक्रम घले (संचालक) एवम्
शुभ बेभरेज तथा
माउण्ट एभरेष्ट होटल, परिवार




आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९

साझाकुरा

## हाम्रो कुरा

# तिहारको शुभकामना

सबैभन्दा ठूलो चाड दशैंपछि लगत्तै आउने सांस्कृतिक पर्व तिहारको रमझम चलिरहेको छ । मुख्य तीन दिनसहित पाँच दिनको तिहारको आफ्नै छुट्टै विशेषता पाइन्छ । फूल तथा बत्तीको झिलीमिलीको पर्व तिहारको रौनकले धेरै नेपालीलाई खुशी तुल्याएको पाइन्छ । तिहारलाई यमपञ्चक तथा दीपावली पनि भनिन्छ । तिहारलाई विशेषत: दाजुभाइ-दिदीबहिनीको चाडको रुपमा पनि लिने गरिन्छ । यससँगै प्रकृति, पशु-पक्षी, वनस्पति र मानवको बीचमा रहने आपसी सम्बन्धलाई पनि तिहारले जोड्ने भएकाले यसको महत्व बढाएको छ । तिहारमा धनधान्यकी देवी लक्ष्मीको समेत पूजा-आराधना गरिने गरिन्छ । तिहारलाई उज्यालो पर्वको रुपमा पनि लिइन्छ । बत्ती तथा फूलको झिलिमिली, सांस्कृतिक देउसी-भैलोले यसको महत्व अझ बढाएको छ ।

तिहार नेपालीहरु र विशेषत: नेपाली हिन्दूहरुको सबैभन्दा ठूला पर्वमध्ये एउटा हो । नेपाली हिन्दू पात्रोअनुसार कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले सुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म जम्मा पाँच दिन मनाइन्छ । जागिर, व्यवसाय, अध्ययन अथवा विभिन्न कारणले घरपरिवारबाट टाढा हुनेहरु चाडपर्वको अवसरमा एकठाउँमा जुट्ने मौका मिल्ने भएकोले पारिवारिक एवम् सामाजिक सुसम्बन्ध कायम राख्न पनि तिहारको विशेष महत्व रहेको छ । काग, कुकुर, गाई, गोरु, गोबर्द्धन पर्वतको पूजा गरेर मानव, पशु तथा प्रकृतिबीचको सम्बन्धको चित्र पनि तिहारले प्रस्तुत गर्दछ । तिहारपर्वको पहिलो दिन सन्देशबाहकको रुपमा कागको पूजा गरी मीठो-मीठो खान दिएर काग तिहार मनाइन्छ । दोस्रो दिन यमराजको द्वारपाल मानेर कुकुरलाई मनपर्ने खाना ख्वाई पूजा गरी माला लगाइदिने चलन रहेको छ । तिहारको तेस्रो दिन लक्ष्मीपूजा र गाईतिहार मनाइन्छ । यसदिन लक्ष्मीलाई धनधान्यकी देवी र गाईलाई गौमाता मानेर पूजा गरिन्छ । यसैदिन दिदीबहीनीहरु मिलेर भैलो खेल्ने चलन छ । चौथो दिन हल तिहार वा गोवर्द्धन पूजा गरिन्छ । यसै दिन नेवार समुदायले म्ह पूजा गर्दछन् । यसै दिनबाट नेपाल सम्बतको नयाँ वर्ष सुरु हुन्छ । तिहारको मुख्य आकर्षण भनेको दाजुभाइ-दिदीबहिनीका बीचमा सम्बन्ध राम्रो बनाउने हो । यो पर्वको पाँचौं दिनमा दिदीबहिनीले आफ्ना दाजुभाइको दीर्घायूको कामना गर्दै सप्तरङ्गी 'भाइटीका' लगाइदिने चलन छ । विधिपूर्वक लगाइने यस्तो टीकाका कारण दाजुभाइको आयू लामो हुने धार्मिक विश्वास छ ।

तिहारलाई प्रकृति पूजनसहितको सांस्कृतिक पर्व मान्न सकिन्छ । तिहार मनाउनुको पछाडि सामाजिक तथा वैज्ञानिक कारणहरु पनि पाइन्छन् । तर, तिहारमा विभिन्न विकृतिजन्य क्रियाकलापले पनि प्रश्रय पाउँदै आएको छ । तिहारमा पड्काइने पटाकाजन्य सामग्रीले कसैलाई कुनै फाइदा गर्दैन । यसको कुनै महत्व पनि छैन । मद्यपान गर्ने तथा जुवा-तास खेल्ने कार्य पनि विकृति बन्दै गएको छ । धार्मिक, सांस्कृतिकरुपमा महत्वपूर्ण हरेक चाडपर्वमा हुने विकृतिजन्य क्रियाकलाप न्यूनीकरण आवश्यक छ ।

*सबैमा तिहारको हार्दिक मंगलमय शुभकामना ।*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १९ गते शुक्रबार ५ नोभेम्बर २०२१ । कात्तिक कृष्ण प्रतिपदा । कछलाथ्व पारु ११४१ । सूर्योदय ६:१७ र सूर्यास्त ५:१७ मा हुनेछ । गोवर्धन पूजा/म्हपूजा/हलि तिहार/नेपाल सम्वत ११४२ प्रारम्भ/गाईगोरु पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

## जलवायु वित्तमा न्याय

# अवस्था र अपेक्षाको विरोधाभास



जीवनाथ शर्मा

गरीब देशका विपन्न नागरिकहरु आफूभन्दा सयौं कोस टाढा सृजना गरिएका जोखिमका कारणले प्रभावित छन् । त्यसैगरी आफ्नो स्थानीयता भन्दा टाढाको जोखिमका बाहकका कारणले सृजित समस्या गरीब देशका कमजोर सामाजिक तथा प्रशासनिक संरचना र पुँजीले सम्बोधन गर्नुपर्ने बाध्यता छ




केएर नेपाल र प्रकृति स्रोत केन्द्रले गरेको अध्ययन अनुसार सन् २०१३-२०१७ को पाँच वर्षको अवधिमा दाताले प्रतिबद्धता गरेको परिमाणको ४० प्रतिशत जलवायु वित्त मात्र नेपालले प्राप्त गरेको थियो

जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका पक्ष राष्ट्रहरूको २६ औं सम्मेलन अक्टोबर ३१ देखि शुरु भएर नोभेम्बर १२ सम्म स्कटल्याण्डको ग्लास्गोमा चलिरहेको छ । यस सम्मेलनमा योभन्दा पहिले नै तय गरेका मुख्यत: तीनवटा महत्वाकांक्षी लक्ष्यहरूमा उल्लेखनीय प्रगति गर्ने उद्देश्य राखेको छ ।

विगतमा आयोजना भएका पक्ष राष्ट्रहरूको सम्मेलन मध्ये जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण सम्बन्धी विश्व नीति र कार्यहरूमा रूपान्तरणकारी परिवर्तन ल्याउने पक्ष राष्ट्रहरूको तेस्रो सम्मेलनको मुख्य उपलब्धि क्योटो प्रोटोकलले निर्धारण गरेको विश्व तापमान वृद्धि १.५ डिग्री से.मा सीमित गर्ने तथा सोह्रौं सम्मेलनको उपलब्धि पेरिस सम्झौतामा जाहेर भएको अनुकूलन लक्ष्य र सोका लागि जलवायु वित्त उपलब्ध गराउने प्रतिबद्धतामा उपलब्धि हासिल हुने अपेक्षा ग्लास्गो सम्मेलनबाट राखिएको छ ।

पक्ष राष्ट्रहरूको २६ औं सम्मेलनमा नेपालले तीनवटा नीतिगत दस्तावेज र कार्ययोजना प्रस्तुत गर्नेछ । प्रस्तुत हुने योजनामा २०२१-२०५० बीचको ३० वर्षको अवधिमा ६४ वटा अनुकूलनका कार्यक्रम संचालन गर्ने कुल ४७.४ अरब अमेरिकी डलर लागत अनुमान गरिएको राष्ट्रिय अनुकूलन योजना हुनेछ ।

त्यसैगरी २०२०-२०३० मा कार्बन उत्सर्जन न्यूनीकरण र २०४५ मा पूर्ण खुद शून्य उत्सर्जन उपलब्धि हासिल गर्ने दीर्घकालीन खुद शून्य उत्सर्जन लक्ष्य सहितको विकास रणनीति दस्तावेज समावेश हुनेछ ।

तेस्रो महत्वपूर्ण दस्तावेज चाहिं जलवायु परिवर्तनको संकटासन्नता र जोखिममा रहेका प्राकृतिक स्रोत, सामाजिक तथा आर्थिक क्षेत्रहरू र सेवा-प्रदायकको अनुकूलन तथा उत्थानशील क्षमता वृद्धि गर्ने लक्ष्यसहितको हानि-नोक्सानी सम्बन्धी राष्ट्रिय कार्यढाँचा रहेको छ ।

यी दस्तावेजहरू अन्तर्राष्ट्रिय समुदायसँग समन्वय, ज्ञान र सीप आदानप्रदान गर्ने हेतुले प्रस्तुत गरिने छन् भने मुख्य उपलब्धि जलवायु परिवर्तनको असर, क्षति र नोक्सानी कम गर्न सुदृढ र दिगो वित्तीय व्यवस्था गर्नेमा हुनेछ । नेपालले राष्ट्रिय अनुकूलन योजनामा उल्लिखित ६४ अनुकूलनका कार्यक्रम कार्यान्वयनका लागि अनुमान गरेको ४७.४ अरब लागत मध्ये १.५ अरब डलर मात्र आन्तरिक स्रोत र बाँकी सबै बाफय स्रोतबाट जुटाउने आशा राखेको छ ।

अपेक्षा गरेबमोजिम जलवायु वित्त उपलब्ध हुन्छ कि हुँदैन त भविष्यले बताउला तर यो लेख भने जलवायु न्यायका नाममा अनुकूलन र न्यूनीकरणका लागि उपलब्ध गराइने जलवायु वित्तको वितरणमा हुने असमानता, विभेद र कुप्रबन्धका बारेमा केन्द्रित हुनेछ ।

**के हो जलवायु न्याय ?**

यो विश्व जगत यहाँ उपस्थित सबै प्राणीहरूको साझा वासस्थान र जिउने आधार हो । तर मानव जगतले यसको उपयोगमा भौगोलिक सीमा तोकेको छ । निश्चित जनसंख्याका लागि प्राकृतिक स्रोत-साधनको उपयोग गर्न विभिन्न राजनैतिक विभाजन गरिएको छ । राजनैतिक विभाजन कुनै न्यायको आधार भन्दा पूर्वजदेखिको प्रयोग र तत्कालिक शक्तिको आधारमा भएको छ । उसो त प्राकृतिक स्रोत-साधनको प्रयोग र दोहनका लागि शक्ति राष्ट्र र धनाढ्य पूँजीपतिका लागि राजनैतिक विभाजनका सीमा पनि गौण बनेका छन् । ती त केवल शक्तिहीन र नियम-कानूनको सीमामा रहनेका लागि मात्र हुन् ।

प्राकृतिक स्रोत-साधनको प्रयोगमा पहुँच र त्यसबाट लिने लाभको प्रक्रियामा राज्य, समाज र बजारको अन्यायिक हस्तक्षेप छ । त्यसकारण स्रोतको प्रयोगमा व्यक्ति, समुदाय र राष्ट्रको बीचमा ठूलो असमानता छ । त्यसैगरी स्रोतको अत्यधिक प्रयोग र दोहनका कारणले हुने प्रदूषण र विनाशमा पनि असमान योगदान छ । फेरि प्राकृतिक स्रोतहरूको गलत प्रयोग र दोहनबाट सृजना हुने विनाश र प्रदूषणको प्रभाव सोही स्थानमा मात्र नभई विश्वव्यापी हुन्छ ।

यसको मतलब कुनै व्यक्ति वा समुदायले गरेको प्राकृतिक स्रोतको दोहन र दुरुपयोगबाट अर्को निर्दोष व्यक्ति र समुदाय अनाहकमा मार खेपिरहेको हुन्छ । अर्थात् नखाएको विष लागिरहेको हुन्छ । प्राकृतिक हिसाबले जलवायु पछिल्ला आठ हजार वर्षमा तुलनात्मक रूपमा स्थिर रहेका कारण मानवले भौतिक विकासमा उल्लेखनीय प्रगति गर्ने अवसर पायो । तर औद्योगिक विकासको शुरुआत भएपछि विशेषगरी अठारौं शताब्दीको मध्यदेखिका २५० वर्षमा हरित गृह ग्याँस उत्पादनमा त्योभन्दा पहिलेका हजारौं वर्षको अवधिमा प्राकृतिक रूपमा भएको मात्राको तुलनामा अत्यधिक वृद्धि भयो ।

फलस्वरूप हरित गृह ग्याँसको वायुमण्डलमा मात्रा औद्योगिक युगको शुरुआतमा प्रति १० लाखमा २७८ भाग रहेकोमा २०२० को अन्त्यमा आइपुग्दा ४२० भाग पुगेको छ । यति छिटो वृद्धि हुनुमा मानिसका क्रियाकलाप जिम्मेवार छन् । अझ प्राकृतिक स्रोतहरू विशेषगरी भूमि, जंगल र पेट्रोलियम पदार्थका अत्यधिक र अन्यायिक दोहन गर्ने सीमित विकसित देश र धनी मानिसहरू अझ बढी जिम्मेवार छन् । योगदानका हिसाबले एक नेपाली नागरिकले सरदर ०.३ टन, चिनियाँ नागरिकले ७.७ टन र अमेरिकी नागरिकले १६ टन प्रति वर्षका दरले हरित गृह ग्याँस उत्सर्जन गर्छन् । यो सामान्य तुलना प्राकृतिक स्रोतमा फरक दोहन र जलवायु परिवर्तनमा विकसित र अल्पविकसित देश तथा नागरिकको योगदान बुझ्नमा पर्याप्त छ । यति थोरै हरित गृह ग्याँस उत्पादन गर्ने नेपाली नागरिक जलवायु जोखिमको हिसाबले अत्यन्त संकटासन्न भएर जिउनु परेको छ ।

हरित गृह ग्याँसमा भएको बढोत्तरीका कारणले तापक्रममा अस्वाभाविक वृद्धि र वर्षामा हुने अनियमितताले जीवन र जीविकामा असहज हुनेभयो । त्योभन्दा पनि विभिन्न जलवायुजन्य विपद्का कारणले जीवन र जीविकोपार्जनका स्रोत नै नष्ट हुने ठूला-ठूला घटना बढ्न थालेका छन् । धनी मानिसहरू स्रोत र शक्तिको प्रयोग गरेर जुनसुकै प्रतिकूलतासँग जुध्ने क्षमता राख्दछन् । तर जीविकाका लागि प्राकृतिक स्रोतमा निर्भर रहने गरीब परिवार जलवायुजन्य प्रकोपबाट सबभन्दा बढी प्रभावित हुन्छन् किनकि ती परिवारहरू एक त खतरासँग सम्मुख रहने सीमान्तकृत ठाउँमा बसोबास गर्छन् र जीविकोपार्जनका स्रोत पनि प्रकोपबाट जोगाउन कठिन हुने खालका हुन्छन् ।

अर्कोतर्फ विपद् आइहाले पनि त्यससँग जुध्ने क्षमता कम हुन्छ । उदाहरणका लागि कात्तिकको पहिलो हप्ता परेको लामो बेमौसमी झरीले ल्याएको बाढी र पहिरोले सयौं गरीबले ज्यान गुमाए र लाखौं साना किसान जीविकोपार्जनको मुख्य स्रोत धानबालीको फसल लिने बेला डुबानका कारण गुमाए ।

त्यसको असर अर्को सिजनसम्म खाद्यसंकट हुने र लामो समयसम्म त्यो क्षतिको पूर्ति गर्नमा लाग्नुपर्ने हुन्छ । तर नजिकैको शहरमा बस्ने धनाढ्यका लागि वर्षा र बाढीको असर सामान्य मात्र रफयो । यसरी हेर्दा धनी देश र नागरिकहरूले सम्पत्ति जम्मा गर्न र विलासिताको लागि गरेको प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारणले जलवायुजन्य विपद्का संख्या र तीव्रतामा अचाक्ली वृद्धि भएका छन् ।

गरीब देशका विपन्न नागरिकहरू आफूभन्दा सयौं कोस टाढा सृजना गरिएका जोखिमका कारणले प्रभावित छन् । त्यसैगरी आफ्नो स्थानीयता भन्दा टाढाको जोखिमका बाहकका कारणले सृजित समस्या गरीब देशका कमजोर सामाजिक तथा प्रशासनिक संरचना र पुँजीले सम्बोधन गर्नुपर्ने बाध्यता छ ।

सदियौंको यस्तो विभेद धनी र गरीब देशको बीचमा मात्र छैन । देशभित्र जात, जाति, लैंगिकता र क्षेत्रीयताको हिसाबले त्यत्तिकै छ । जुन समुदायको प्रकृति बिगार्न कुनै भूमिका छैन, त्यही समुदाय अरूको सम्पत्ति थुपार्ने मोह र विलासिताको कारण सृजित समस्याको सबभन्दा मार भोगिरहेछन् । यो कस्तो असमानता र विभेद हो ? स्रोतको उपभोग र परिचालन राज्यको नियन्त्रणमा रहँदासम्म राज्यबीचको असमानता र विभेद अनि न्यायको कुरा गर्दा पनि धेरै समाधान निकाल्न सकिन्थ्यो ।

अर्थात् राज्यले सञ्चालन गर्ने लोककल्याणकारी सामाजिक सुरक्षा र पुनर्वितरणका कार्यक्रम मार्फत जलवायु न्याय खोज्ने पहलले काम गर्न सक्थ्यो । तर भूमण्डलीकृत अर्थ व्यवस्थामा बजार, बजारका कर्ता र उद्योगीहरू यति शक्तिशाली हुँदैछन् कि न्याय स्थापना गर्ने सवालमा राज्य निरीह बन्ने देखिन्छ । हालै अमेरिकी राष्ट्रपति बाइडेनले जलवायु वित्तका लागि प्रगतिशील करको बहस शुरू गर्दा नगर्दै विश्वका धनाढ्य एलन मस्कलगायतले सरकारमाथि दबाब बढाएका समाचार बाहिर आएका छन् ।

राज्य मात्र होइन उत्पादन र वितरणमा नाफा मार्फत सम्पत्तिको सञ्चय गरी धनाढ्य बन्ने तर सामाजिक दायित्व बहन गर्नु नपर्ने पूँजीवादी व्यवस्थाभित्र पनि जलवायु न्यायको व्यवस्था शुरुआत हुन जरूरी छ । नाफा मार्फत पूँजीको संचय श्रमिकको श्रमशोषण र प्रविधिको प्रयोगबाट मात्र उपार्जन भएको होइन । त्यो त सबैका लागि उपलब्ध प्राकृतिक स्रोत सीमित व्यक्तिको असमान उपयोग, परिचालन र अधिक दोहनबाट संकलन भएको हो ।

हरेक अंश नाफा तथा सञ्चयमा हरित गृह ग्याँस उत्सर्जन भएको छ । जति धेरै धनी बन्यो त्यही अनुपातमा हरित गृह ग्याँस उत्पादन भएको छ । यस अर्थमा गरीब नागरिकलाई थप संकटासन्न बनाउन धनीहरूको भूमिका बढी छ भने तिनीहरूबाट पनि समानुपातिक हिसाबले संकटासन्न परिवारका लागि र प्रास्थकीय प्रणाली सुधारमा जलवायु वित्त प्रवाह हुन जरूरी छ । एउटै धर्तीमा बस्ने नागरिकको प्राकृतिक स्रोतको प्रयोगमा विभेद हुनु हुन्न । कम्तीमा पनि प्राकृतिक स्रोतको दोहन गरी अन्य समुदायलाई प्रदूषणको मार पार्न पाइँदैन । तर भौतिक विकासको चरम सीमामा पुगेकालाई उपयोग गरिआएको सुविधाबाट बञ्चित हुने कुरा पनि भएन । अर्कोतर्फ विकासको लाभ लिइनसकेका अल्पविकसित र विकासोन्मुख देश र समुदायको विकसित हुने आकांक्षा रोक्नु पनि न्यायिक भएन ।

यस्तो अवस्थामा अन्यायमा परेका समुदायलाई भौतिक र वातावरणीय तरिकाबाट क्षतिपूर्ति गराउन सम्भव नभएपछि नैतिक तथा राजनीतिक तरिकाबाट न्याय दिने अभ्यासको खोजी हुन थालेको हो । यस धरातलमा जलवायु न्यायको अभ्यास गर्न जलवायु वित्तको अभ्यास शुरू गरिएको हो जुन समानता, मानव तथा सामूहिक अधिकार र जलवायु परिवर्तनको ऐतिहासिक जिम्मेवारीको अवधारणामा आधारित छ । यही जलवायु न्यायको सिद्धान्तका आधारमा जलवायु संकटासन्नताको हिसाबले विश्वमा चौथो संकटासन्नताको स्थानमा रहेको नेपालले आफ्नो राष्ट्रिय अनुकूलन योजनाको लागतको झण्डै ९६ प्रतिशत नै बाफय स्रोतबाट जुटाउने महत्वाकांक्षा लिएको हुनुपर्छ । यो परिमाणमा जलवायु वित्त मार्फत उपलब्ध गराइएको बजेटको ठूलो अंश हुनुपर्छ ।

जलवायु न्याय कायम गर्न जलवायु वित्तलाई उपयुक्त तरिकाको रूपमा लिइएको छ । सोही अनुसार जलवायु परिवर्तनको सवाल उठेदेखि कुनै रूपमा जलवायु वित्तको अभ्यास शुरु भए पनि पेरिस सम्झौता मार्फत विकसित देशले अति गरीब राष्ट्रलाई प्रति वर्ष १ विलियन अमेरिकी डलरको जलवायु वित्त प्रवाह गर्ने औपचारिक प्रतिबद्धता व्यक्त गरेका हुन् । प्रश्न उठ्छ- के प्रतिबद्धता साँच्चिकै कार्यान्वयन भएको छ त ? उपलब्ध गराएको वित्त साँच्चिकै न्यायिक हिसाबले वितरण भइराखेको छ त ?

**जलवायु वित्तमा न्यायको सवाल**

जलवायु न्यायको सिद्धान्त अनुसार प्रदूषकले प्रभावितलाई क्षतिपूर्ति दिनुपर्ने हो । जलवायु वित्त मार्फत मौद्रिक रूपमा दिइने क्षतिपूर्ति सोझो भाषामा भन्दा न त भने जस्तो गरी प्रवाह हुन्छ न त न्याय नै । प्रवाह गर्नेहरूले पहिलो कुरा त आफूले गरेको प्रतिबद्धता अनुरूपको रकम उपलब्ध गराउँदैनन् ।

उदाहरणका लीग केएर नेपाल र प्रकृति स्रोत केन्द्रले गरेको अध्ययन अनुसार सन २०१३-२०१७ को पाँच वर्षको अवधिमा दाताले प्रतिबद्धता गरेको परिमाणको ४० प्रतिशत जलवायु वित्त मात्र नेपालले प्राप्त गरेको थियो । यो एउटा प्रमाण हो दाताहरूले जलवायु वित्त आफूले प्रतिबद्धता गरेको तुलनामा धेरै कम मात्र प्रवाह गरेका छन् ।

नेपालले जलवायु वित्तको नाममा प्राप्त गरेको रकम दाताले जलवायु वित्त भनेर उपलब्ध गराएको भए पनि अधिकांश दाताले जलवायु वित्त भनेर कोडिङ्ग गरेको परिमाण र मूल्यांकन गर्दाको वास्तविकतामा ठूलो भिन्नता देखिन्छ । त्यसैगरी साँच्चै उपलब्ध गराएको जलवायु वित्त भन्दा दाताले रिपोर्ट गरेको ज्यादै धेरै भटिन्छ । उदाहरणका लागि माथि उल्लिखित अध्ययनमा नेपाललाई जलवायु वित्तका नाममा उपलब्ध गराइएका १५ ठूला ६४९ मिलियन डलर लागतका परियोजनाको लेखाजोखा गर्दा लगानी भन्दा ५९ प्रतिशत बढी रिपोर्टिङ गरेको देखिन्छ ।

अर्को अनौठो कुरा जलवायु परिवर्तन अनुकूलनका नाममा प्रवाह गरिएको वित्त जलवायु परिवर्तनसँग कुनै साइनो नै नभएको शीर्षकमा दिइन्छ । उदाहरणका लागि विश्व बैंकबाट २०१७ मा नेपाललाई ४२८ मिलियन डलर बराबरको ॠण गोरखा भूकम्पबाट प्रभावित घरको पुनर्निर्माणका लागि उपलब्ध गराएको थियो र जलवायु वित्त भनेर रिपोर्ट गरिएको थियो । जबकि अहिलेसम्म भूकम्प जानुमा जलवायु परिवर्तनको कुनै सम्बन्ध भएको स्थापित भएको प्रमाण भेटिन्न । यो एउटा तथ्य हो जलवायु वित्त विकसित देशका लागि जलवायु न्यायका रूपमा ग्रहण गर्न भन्दा विश्व समुदायलाई देखाउने बाध्यता बनेको छ ।

नेपालमा अनुकूलन र न्यूनीकरणका लागि उपलब्ध गराइएको वित्त झण्डै उस्तै भए पनि कतिपय अल्पविकसित देशको अध्ययन हेर्दा ठूलो रकम न्यूनीकरणका लागि गएको छ । सो रकमको अधिकांश भाग जलविद्युत् र ट्रान्समिसन लाइन निर्माण जस्ता ठूला परियोजना निर्माणमा प्रयोग भएको छ । यस्ता परियोजना निर्माणले जलवायु परिवर्तनबाट साँच्चिकै प्रभावित गरीब परिवार लाभान्वित हुन सक्दैनन् । अनुकूलनका कार्यक्रम र बजेट लक्षित वर्गमा पुग्दैन भने कसरी हुन्छ त जलवायु न्याय ?

जलवायु परिवर्तन अनुकूलनका लागि भनेर उपलब्ध गराइएको रकम त जलवायु संकटासन्न परिवारको अनुकूलन क्षमता बढाउनका लागि पुऱ्याउनुपर्ने हो तर सानो अंश मात्र त्यो वर्गसम्म पुग्छ । परियोजनाको डिजाइनमै जलवायु परिवर्तनका कारणले प्रभावित हुने गरीब र सीमान्तकृत दलित, जनजाति, महिला र दुर्गम भेगमा बस्ने संकटासन्न वर्गमा पुऱ्याउने न त विशिष्ट लक्ष्य, न त विधि र संयन्त्र नै परिकल्पना गरिएको हुन्छ । अनि वास्तविक जलवायु प्रभावितसँग अनुकूलन र न्यूनीकरणको कार्यक्रम कसरी पुग्छ ?

तथ्यका लागि केएर र प्रकृति स्रोत केन्द्रको अध्ययनको अनुसार सन् २०१३-२०१७ को अवधिमा नेपाललाई उपलब्ध गराइएको जलवायु वित्तमध्ये जम्मा ३९ प्रतिशत मात्र लैङ्गिक हिसाबले लक्षित भएको देखिन्छ । सबैलाई थाहा छ पुरुषको तुलनामा महिला जलवायु परिवर्तनका कारणले असमान हिसाबले प्रभावित हुन्छन् तर स्पेनमा २०१३ मा गरिएको अध्ययन अनुसार वस्तु उपभोग बास्केटका हिसाबले पुरुषले भन्दा महिलाले कम हरित गृह ग्याँस उत्पादन गर्दछन् ।

दाता राष्ट्रहरूले उपलब्ध गराउने जलवायु वित्त पहिले अन्य चलनचल्तीका विकास सहयोग भन्दा अतिरिक्त हुनुपर्छ । तर दान चर्च एड नामक एक संस्थाले गरेको अध्ययन अनुसार युरोपियन युनियन र यससम्बद्ध सदस्य राष्ट्रहरूले जलवायु वित्तको नाममा उपलब्ध गराउने सहयोग तथा ॠण परम्परागत हिसाबले दिइराखेको ॠण तथा सहयोगको हिस्सा नै बढी भएको भेटिएको छ । यसरी एक त दाताबाट कम हरित गृह ग्याँस उत्सर्जन गर्ने देशका लागि वास्तवमा क्षतिपूर्ति बापत दिनुपर्ने बराबरको जलवायु वित्तको न्यायिक हिसाबले प्रतिबद्धता हुँदैन भएकोमा पनि अनेक जालझेल गरी सानो परिमाण मात्र उपलब्ध गराउँछन् ।

त्यसमध्ये वास्तविक संकटासन्न परिवारका लागि संचालन हुने अनुकूलनका परियोजना भन्दा न्यूनीकरणका नाममा ठूला परियोजनामा लगानी हुन्छ । अझ तल झरेर समुदायस्तरमा संचालन भएर समुदाय तथा परिवारको अनुकूलन क्षमता बढाउने, जोखिमसँगको सम्मुखता घटाउने र साँचो अर्थमा जलवायु संकटासन्नता घटाउनका लागि परियोजना संचालन गर्ने र लक्षित परिवारसम्म जलवायु वित्त पुऱ्याउनका लागि न त प्रभावकारी संयन्त्र छ न त नैतिक इच्छा शक्ति ।

कार्यान्वयन तहमा पुगेको सानो अंश पनि दुरुपयोग हुन्छ । अनि जलवायु वित्तमा न्यायको आश कसरी गर्ने ? आशा गरौं, पक्ष राष्ट्रहरूको २६ औं सम्मेलनले जलवायु न्याय सुदृढ गर्ने दिशामा उल्लेखनीय उपलब्धि हासिल गर्नेछ । विकसित देशहरू जलवायु वित्तको प्रतिबद्धता र कार्यान्वयनमा उदार हुनेछन् र जलवायु वित्तको न्यायिक तथा प्रभावकारी वितरण संयन्त्र तयार हुँदै जानेछ । - अनलाईनखबर

# पोखरा म्याराथनको विजेतालाई चार लाख

गण्डकी (रासस)/ पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले पुरस्कार राशिमा शत्प्रतिशत वृद्धि गरेको छ भने सुजल डेरीको उत्पादन सफल दूधले मुख्य प्रायोजनका लागि निरन्तरता दिने दिएको छ ।

मञ्चद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत खुल्ला ४२.१९५ किमी म्याराथनतर्फ प्रथम पुरस्कार चार लाख नगद पुऱ्याइएको घोषणा गरिएको हो । यो पुरस्कार राशि गत वर्षको भन्दा दोब्बर हो ।

आगामी फागुन १९ गते पोखरामा आयोजना हुने १६ औँ संस्करणको पोखरा म्याराथनतर्फ हुने सबै २१ किमी महिला हाफ म्याराथनबाहेक महिला पुरुष १० किमी र छात्रछात्रा पाँच किमी, ह्विल चियर तथा दृष्टिविहीन दौडतर्फ गत वर्षको तुलनामा पाँच/पाँच हजार रुपैयाँ राशिमा वृद्धि गरिएको हो ।




नेपालको म्याराथन इतिहासमा नै पोखरा म्याराथनमा पुरस्कार चार लाख पुऱ्याइएको दाबी गर्दै मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले ४२.१९५ किमीतर्फको दोस्रो पुरस्कार दुई लाख, तेस्रो हुनेले एक लाख र सान्त्वनातर्फ ३० हजार रुपैयाँ प्राप्त गर्ने जानकारी दिए ।

सबै विद्यातर्फ गरी कूल २८ जना पुरस्कृत हुनेछन् । पुरस्कार राशि वृद्धि गरिएको बताउँदै उनले भने, "गत वर्ष पुरस्कार राशि कूल आठ लाख रहेकामा यो वर्ष सबै विद्यागत रूपमा बढाउँदा १२ लाख ३० हजार पुऱ्याएका छौँ ।" पुरस्कार राशिमा वृद्धिले दक्षिण एसियाली देशका धावकसँगै अन्य अन्तर्राष्ट्रिय धावकहरूलाई आकर्षण गर्न सहयोग पुग्ने धारणा अघि सार्दै मञ्चका अध्यक्ष पराजुलीले भने, "म्याराथनको माध्यमबाट पोखरालाई विश्वमा परिचित गराउन सफल हुने विश्वास लिएका छौँ ।"

आगामी तीन वर्षमा पोखरा म्याराथनलाई म्याराथनहरूको अन्तर्राष्ट्रिय छाता संस्था 'एम्स'मा दर्ता गराउने योजनासँगै प्रथम पुरस्कार राशि १० लाख पुऱ्याउने लक्ष्यका साथ अघि बढेको बताउँदै उनले अभियान पूरा गर्न संघ, प्रदेश, स्थानीय सरकार र प्रायोजक संघसंस्थाहरू र सरोकारवालाहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गरे ।

**सुजल डेरीको सफल दूध मुख्य प्रायोजक**

पोखराको प्रतिष्ठित घराना लक्ष्मी ग्रुप अन्तर्गतको उद्योग सुजल डेरीको मुख्य उत्पादन सफल दूधले पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई मुख्य प्रायोजनको भूमिकालाई निरन्तरता दिएको छ । विगत ६ वर्षदेखि निरन्तर रूपमा पोखरा म्याराथनसँग सहकार्य गर्दै आएको सफल दूधले आगामी तीन वर्षका लागि मुख्य प्रायोजकका रूपमा सम्झौता गरेको छ । उद्योगका निर्देशक सुनिल श्रेष्ठ र मञ्चका अध्यक्ष पराजुलीले सम्झौतापत्र आदानप्रदान गरेका थिए ।

सो अवसरमा उद्योगका निर्देशक श्रेष्ठले पोखरा म्याराथनसँग सम्झौता गर्न पाउनु सुखद रहेको बताउँदै पोखरालाई म्याराथनको माध्यमबाट विश्वमा परिचित गराउँदै खेलकुद पर्यटनको राजधानीका रूपमा स्थापित गर्न उद्योगले सहयोग गर्दै आएको बताए ।

कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव तेजबहादुर गुरुङले पोखरालाई मात्रै नभई गण्डकीलाई दौडको प्रदेशको रूपमा स्थापित गर्न परिषद्ले आफ्ना कार्यक्रमहरू तय गरेको जानकारी दिए । पोखरा म्याराथन सफल बनाउन विदेशमा भएका संस्था पोखरेली मञ्च युके, तमु धि युके, एआरएनए युके, हङकङ, अमेरिकालगायत विभिन्न देशमा छरिएर रहेका नेपालीहरूको महत्वपूर्ण भूमिकाप्रति आभार प्रकट गर्दै पोखरा म्याराथन जेठो म्याराथनको रूपमा स्थापित भए पनि अझै चुनौतीहरू रहेको उनको भनाइ छ ।

मेजर दिलबहादुर गुरुङको संयोजकत्वमा खड्गबहादुर रानाभाट, अशोक पालिखे, योगेन्द्रबहादुर बस्नेत, जयराम हमाल, जगनबहादुर गुरुङ, खेमबहादुर गुरुङ, मञ्जुलमान श्रेष्ठ, शम्भु कार्की, तिलक केसी, महेश गुरुङ, गणेशबहादुर भट्टराई, नारायण कार्की, प्राडा वीरेन्द्रसिंह गुरुङ र खेमबहादुर गुरुङ रहेको १४ सदस्यीय सल्लाहकार समितिको पनि घोषणा गरिएको थियो ।

# तिहारलाई कोसेली 'पाल्पाली ढाका'

रामपुर (रासस)/ 'चोली राम्रो पाल्पाली ढाकाको, हेराइ राम्रो मायालु आँखाको' । प्रसिद्ध गायिका कुन्ती मोक्तानको कर्णप्रिय यो गीत सुन्दा सबैलाई पाल्पाली ढाकाको झझल्को आउँछ ।

पाल्पा भनेपछि ढाका कपडा सबैका मन मस्तिष्कमा छाएकै हुन्छ । अझ विशेषगरी चाडपर्वका समयमा पाल्पाली ढाकामा ग्राहकको आकर्षण बढ्छ । तिहारमा दिदीबहिनीले दाजुभाइलाई कोसेलीका रूपमा ढाका कपडाबाट उत्पादित सामान दिने चलन छ । अहिले पाल्पाका ढाका पसलमा तिहारलाई सामान किनमेल गर्नेको उत्साह छ ।

यस पटकको तिहारलाई पाल्पाली ढाका कपडाका सामग्री खरिद गरिसकेको बताउँछन्, रमा पन्त । तानसेन नगरपालिका-२ बडिङ्गानटोल बस्ने पन्तले तिहार अर्थात् भाइटीका दिदीबहिनी र दाजुभाइका लागि विशेष पर्व भएकाले पनि कोसेलीका रूपमा ढाका कपडाबाट उत्पादित सामग्री लैजाने गरेको बताउँछन् ।

मानव अधिकार तथा शान्ति समाजका आजीवन सदस्यसमेत रहेकी उनले दाजुभाइका लागि ढाका टोपी, आस्कोट, दिदी (अमाजु दिदी) का लागि ढाकाका साडी, बहिनीलाई ढाकाको कुर्ता सुरुवालको बन्दोबस्त गरिसकेका छन् । "ढाका हाम्रो पाल्पाको पहिचान हो, तिहारमा कोसेलीका रूपमा ढाका कपडाबाट उत्पादित सामग्री दिने गरेको छु, ढाकाका कपडा उपहारस्वरुप दिन पाउँदा धेरै आनन्द लाग्छ, बर्सेनि ढाकाकै कपडा दाजुभाइलाई दिने गर्छु, दाजुले पनि भरसक ढाका टोपीकै चाहना गर्नुहुन्छ," उनले भने ।

जिल्लाका विभिन्न कार्यक्रम, सभा, समारोह, पाल्पाभन्दा बाहिर विभिन्न कामको सिलसिलामा जाँदा पनि पाल्पाली पहिचान झल्कने ढाकाका पोसाक पहिरिने गरेको पन्तको भनाइ छ ।

नेपाली पहिचान ढाका टोपीको छुट्टै महत्व छ । त्यसैमा पनि पाल्पाली ढाका टोपी र यहाँ ढाका कपडाबाट तयार पारिएका विभिन्न सामग्रीहरू स्वदेशमा मात्र नभई विदेशमा पनि राम्रो पहिचान बनाएको छ ।

त्यस्तै तानसेन नगरपालिका-६ बारुदखान बस्ने माया शर्माले काठमाडौँमा भाइटीका लगाउन ढाकाको आस्कोट, चोली, ब्याग लिएर जाँदै छन् । स्वदेशी उत्पादनलाई बढावा दिन, पाल्पाली ढाकाको प्रचारप्रसार पनि हुने भएकाले ढाका कपडाका सामग्री नै तिहारमा रोज्ने गरेको उनी बताउँछन् ।

"पाल्पाको उत्पादन भनेपछि दाजुभाइले विशेष महत्वका रूपमा लिन्छन्, पाल्पाली पहिचान र यहाँको व्यापार बढ्ने भएकाले पनि तिहारमा ढाका कपडा नै उपहारस्वरुप दाजुभाइलाई दिने गरेको छु," उनले भने ।

उनले हालै मात्र न्युजिल्यान्डमा बसोबास गर्ने छोरीका लागि पाँचवटा ढाकाको ब्याग, अमेरिकामा रहने दिदीहरू, आफन्तजनका लागि ढाकाका विभिन्न सामग्री पठाएका छन् । तिहार अर्थात् भाइटीकाका लागि विशेषगरी ढाका टोपी, चोली, पछ्यौरा, कुर्ता सुरुवाल, पर्स जस्ता कपडा खरिद गर्न ग्राहकहरू आउने गरेको बताउँछन्, व्यवसायी ज्ञानु कार्की । पाल्पाको पुरानो कार्की ढाका कपडा उद्योग चलाएकी कार्कीले धेरैजसोले यतिबेला तिहारलाई ढाका टोपी नै खोज्ने गरेको बताउँछन् ।

"पहिला पहिला त रहरका रूपमा पनि ढाकाको टोपी तिहारलाई खरिद गर्ने गरे पनि अहिले कोभिडको असरले ढाका टोपी निरन्तर लगाउनेका लागि मात्रै ग्राहकले खोज्नुहुन्छ, पहिलेको तुलनामा व्यापार कम छ, तैपनि तिहारले चहलपहल बढाएको छ," उनले भने ।

कार्की ढाका उद्योग विगत २६ वर्षदेखि तानसेनमा सञ्चालित छ । सञ्चालक कार्कीका अनुसार हाल ढाका टोपीको मूल्य एक सयदेखि तीन हजार ५०० सम्म, चोली न्यूनतम मूल्य ३०० देखि एक हजार ५०० सम्म, पछ्यौरा एक हजारदेखि दुई हजार ५०० सम्म पर्छ ।

यहाँ विगतका तिहारको समयमा पाल्पा जिल्लाबाहेक बाहिरी जिल्लाबाट कोसेलीका रूपमा ढाका कपडाबाट उत्पादित सामग्री खरिद गर्न आउने गर्थे भने अहिले स्थानीयवासीले मात्र खरिद गर्न आउने गरेको पाइएको छ । यहाँको पुरानो र पहिलो ढाका व्यवसायी पूर्णमाया महर्जनले भने काठमाडौँ, नारायणगढ, पोखरालगायत बजारमा नियमित व्यापारीलाई ढाका कपडाका सामग्री पठाएको जानकारी दिए । पाल्पाली ढाका संघका अध्यक्षसमेत रहेकी महर्जनले गत वर्षको दसैँतिहारमा भन्दा यस वर्ष व्यापार अहिले फस्टाएको बताए ।

उनी भन्छन्, "दाजुभाइ हुने दिदिबहिनीले विशेषगरी ढाकाको टोपी खरिद गर्नुहुन्छ, अघिल्लो वर्ष कोरोनाले गर्दा व्यापार भएन, यस वर्ष पनि कोरोनाको असर त छ, तैपनि व्यापारमा अलि चहलपहल बढ्दैछ ।"

उनका पति गणेशमान महर्जनले भारतमा ढाका बुन्ने सीप सिकेर आएपछि विसं २०१५ मा पाल्पामा ढाका कपडाको व्यवसाय थालनी गरेको हो । अहिले यसले देश तथा विदेशमा राम्रो पहिचान बनाउन सफल भएको छ ।

ढाका कपडा सुरुआतीका क्रममा त्यतिबेला गणेशमानले पाल्पा कारागारमा रहेका थुनुवाहरूबाट कपडा बुन्ने काम गराउँदा बन्दीलाई आम्दानीको राम्रो माध्यम बनेको थियो । अहिले जिल्लामा उद्योग थपिने क्रम जारी छ ।

पाल्पा जिल्लामा करिब तीन दर्जनको हाराहारीमा ढाका कपडा व्यापारी छन् । तानबाट उत्पादन गरिएका पाल्पाली असली ढाका कपडा देश तथा विदेशमा पनि निर्यात भएको छ ।

# तनहुँमा ९ लाखसहित २९ जना पक्राउ

दमौली (रासस)/ तनहुँको शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीमा नौ लाख ११ हजारसहित २९ जना पक्राउ परेका छन् ।

स्थानीय बिलबहादुर गुरुङको घरमा कौडा खेलिरहेको अवस्थामा प्रहरीले गए राति उनीहरूलाई पक्राउ गरेको हो ।

ठूलो धनराशिका साथ कौडा खेलिरहेको सूचना पाएपछि प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । पक्राउ पर्नेमा शुक्लागण्डकी



नगरपालिका-८ का भानुभक्त पराजुली, शुक्लागण्डकी-४ का सुरज रामजाली, नीर पुन, अन्जन गुरुङ, प्रकाश गुरुङ, बिकी गुरुङ, दिलचन्द्र पुन, जितबहादुर सुनार, मोहित जुहारचन, राजु पुन, राजु मगर र मानबहादुर परियार छन् । यसतै शुक्लागण्डकी नगरपालिका-२ का रुपेश गुरुङ, शुक्लागण्डकी नगरपालिका-३ का गोविन्द विक, दीपक सुनार, विष्णु विश्वकर्मा, शुक्लागण्डकी नगरपालिका-८ का नारायणसिंह थापा, चुडामणि पौडेल, रमेश भट्टराई, बिलबहादुर गुरुङ, पदमबहादुर गुरुङ, भरत गुरुङ, मुमलाल विक, रोशन भट्टराई, प्रकाश भट्टराई, सोमप्रसाद पौडेल, श्याम गुरुङ, मणिरत्न पौडेल र शुक्लागण्डकी नगरपालिका-११ का कृता भट्टराई समेत पक्राउ परेका छन् ।

*एमालेको महाधिवेशन तयारी*

# उद्घाटन सत्रमा विदेशी पाहुनालाई निमन्त्रणा

काठमाडौँ (रासस)/ नेकपा (एमाले) ले दशौँ राष्ट्रिय महाधिवेशनको तयारीलाई तीव्रता दिएको छ भने उद्घाटन सत्रमा सहभागिताका लागि विदेशी पाहुनालाई निमन्त्रणा दिएको छ । सो पार्टीले पार्टीसँग भाइचारा तथा मैत्रीपूर्ण सम्बन्ध रहेका पार्टी र दक्षिण एसियाका सत्तारुढ एवं विपक्षी दलका प्रतिनिधिलाई आमन्त्रण गरेको जनाएको छ ।



आगामी मंसिर १० देखि १२ गतेसम्म चितवनमा हुने सो महाधिवेशनको पूर्वसन्ध्यामा बुधबार एमाले केन्द्रीय प्रचार विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा आइक्यापका (आइसिएपीपी) का स्थायी कमिटीका सदस्यहरूलाई पनि निमन्त्रणा गरिएको विभागका प्रमुख योगेश भट्टराईले जानकारी दिए ।

कार्यक्रममा मुलुकका राष्ट्रिय राजनीतिक दलका प्रमुखलाई पनि निमन्त्रणा गरिनेछ । निमन्त्रणा गरिएका विदेशस्थित पार्टीबाट सकारात्मक सन्देश प्राप्त भएको जनाउँदै उनले नेपालस्थित कूटनीतिक निकायका प्रमुखलाई पनि निमन्त्रणा गरिएको छ । नेपालको मध्यभाग र पर्यटकीय गन्तव्यमा मानिने चितवनमा हुने महाधिवेशानले मुलुकको राष्ट्रिय राजनीतिलाई सकारात्मक दिशा दिने पार्टीका सचिव भट्टराईले बताए ।

मंसिर १० गते भरतपुर स्थित नारायणी नदीको मैदानमा जनसमुदायको उपस्थितिमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको बताइएको छ । उद्घाटनस्थलमा अहिले सम्याउने र खाल्डाखुल्डी पुर्नेलगायतका काम भइरहेको छ भने बन्दसत्र सौराहास्थित हात्तीसारमा गर्ने गरी संरचना निर्माण गरिएको छ । प्रतिनिधिलाई बसोबासका लागि सौराहास्थित होटलमा व्यवस्था गरिएको छ ।

सचिव भट्टराईले विधान महाधिवेशनमा प्रस्तुत प्रतिवेदन र विधान संशोधन प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेकाले पार्टीलाई महाधिवेशनले थप एकताबद्ध र सुदृढ बनाउने विश्वास व्यक्त गरे । उनले भने, "प्रस्तुति र जोडकोणमा नेताहरूका केही भिन्नता होलान् र आमरूपमा पार्टीको विचार, नीति र विधानका सम्बन्धमा अब कुनै अन्योल छैन ।"

पत्रकारको जिज्ञासाका क्रममा नेता भट्टराईले एमाले मुलुकको लोकतान्त्रिक आन्दोलन र उपलब्धिको प्रमुख हिस्सेदार रहेको उल्लेख गर्दै वर्तमान सत्ता गठबन्धनले लोकतन्त्र र संविधानको सही कार्यान्वनका क्रममा चुनौती खडा गरेको आरोप लगाए । अर्को प्रश्नको जवाफमा उनले एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) पहिचान स्थापित भइनसकेको पार्टी भएकाले त्यसलाई आमन्त्रण गरिरहनुनपर्ने स्पष्ट गरे । नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिनको प्रयोग गरिनेछ भने गत असोजमा सम्पन्न विधान महाधिवशेनले पारित गरेका विभिन्न प्रतिवेदन र विधान संशोधनका दस्तावेज प्रकाशन गरी वितरण गरिने प्रचार विभागका उपप्रमुख सूर्य थापाले जानकारी दिए ।

**२२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित हुने**

विधान महाधिवेशनले पारित गरेको नयाँ विधानको व्यवस्था अनुसार दशौँ राष्ट्रिय महाधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्षसहित पाँच जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र ७ सचिव गरी १५ जना पदाधिकारीसहितको २२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्नेछ । एक तिहाई महिलासहित नेपालको सामाजिक र वर्गीय विविधताको प्रतिनिधित्व हुने गरी केन्द्रीय कमिटी समावेशी हुनेछ ।

यसैगरी महाधिवेशनले १५ सदस्यीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको पनि चयन गर्नेछ । विधान महाधिवेशनले पारित गरेका राजनीतिक, सांगठानिक तथा विधानसम्बन्धी व्यवस्थाको बुझाइमा एकरुपता कायम गर्दै तिनको वैचारिक, राजनीतिक तथा साँगठानिक जगमा पार्टीलाई थप सुदृढ र एकताबद्ध गर्न दशौँ राष्ट्रिय महाधिवेशनले ठोस् रूपमा मार्गदर्शन गर्ने जारी विज्ञप्तिमा जनाइएको छ ।

महाधिवेशनका प्रतिनिधिको निर्वाचन आगामी कात्तिक २७ गते देशैभरि एकसाथ देहाय बमोजिम गरिनेछ भने बाँकी रहेका स्थानीय तह र वडास्तरका अधिवेशन यही कात्तिक २५ गतेभित्र सम्पन्न गर्न पार्टीले निर्देशन दिएको छ ।

**प्रतिनिधिमा ३३ प्रतिशत महिला सुनिश्चित**

पार्टीले केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी समेत सदस्यमध्येबाट निर्वाचित हुने १५ जना प्रतिनिधि, सल्लाहकार परिषदका अन्य सदस्य राष्ट्रिय महाधिवेशनमा सहभागी हुने तर उनीहरूलाई मताधिकार नहुने प्रबन्ध गरेको छ । प्रदेश र सो सरहका कमिटीका पदाधिकारी र सदस्यमध्येबाट कम्तीमा दुई महिलासहित पाँचजनाका दरले निर्वाचित हुने प्रतिनिधि, प्रतिनिधिसभा निर्वाचन क्षेत्र अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित हुने प्रतिनिधि, सो संख्यामा ८०० सम्म सदस्य थप भएमा थप एक जना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित हुने प्रतिनिधि तथा तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक जना महिला अनिवार्य हुनेछन् ।

देशभित्रका विशेष जिल्ला अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित प्रतिनिधि हुनेछन् । सो संख्यामा ८०० सम्म सदस्य थप भएमा थप एकजना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित प्रतिनिधि हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन् । देशभित्रका जिल्ला र विशेष जिल्ला अन्तर्गतका ५०० सम्म दलित पार्टी सदस्यमध्येबाट निर्वाचित हुने एक जना प्रतिनिधि र सो संख्यामा ५०० सम्म सदस्य थप भएमा थप एकजना, १००० सम्म सदस्य थप भएमा थप दुई जना, १५०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा दलित प्रतिनिधि निर्वाचित हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन् ।

यस्तै भूगोलका प्रदेश अन्तर्गतका मजदूर पार्टी सदस्यमध्येबाट कम्तीमा तीन महिलासहित सातजनाका दरले निर्वाचित हुने प्रनितनिधि, भारत, अमेरिका (क्यानडा समेत), युरोप, एशिया प्यासिफिक, खाडी र ओसियानामध्ये प्रत्येकका पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित हुने प्रतिनिधिलाई आधार मानिनेछ ।

पार्टीका केन्द्रीय विभाग र केन्द्रीय कार्यालय अन्तर्गतका पार्टी सदस्यबाट निर्वाचित हुने कम्तीमा दुई महिलासहित पाँचजना प्रतिनिधि । विभागका सचिव र सदस्य विभाग र केन्द्रीय कार्यालय वा आफ्नो पार्टी सदस्यता कायम रहेकोमध्ये कुनै एक स्थानबाट उम्मेदवार बन्न सक्नेछन् । स्वदेशका २२ जनसंगठनका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित प्रतिनिधि गरी कूल एक हजार ९९९ प्रतिनिधि रहनेछन् । महाधिवेशनको मूल व्यवस्थापन समितिको कार्यालय भरतपुरस्थित नेकपा (एमाले)को जिल्ला पार्टी कार्यालयमा अध्यक्ष केपी शर्मा ओलीले कात्तिक १५ गते शुभारम्भ गरिसकेका छन् ।

र, त्यहींबाट आवश्यक तयारी कार्यको संयोजन भइरहेको छ । तिहार लगत्तै सौराहामै उक्त कार्यालय पनि सार्ने योजना रहेको छ ।

# सिरपा सम्मानबाट प्रकाश र रोदन सम्मानित



भक्तपुर (रासस)/ ग्वङ्ग: सिरपा सम्मान २०७८ बाट 'अभिवन्ध' निबन्ध कृतिका निबन्धकार श्रीओम श्रेष्ठ रोदन र 'वीरग्रन्थ' निबन्ध कृतिका सर्जक तिलकप्रकाश कायस्थलाई पुरस्कृत गरिएको छ ।

भक्तपुरमा साहित्यिक सम्मान संगमको आयोजनामा श्रेष्ठ र रोदनलाई जनही ५० हजार पाँच पुरस्कारसहित सम्मान गरिएको हो । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती र संस्कृतिविद् एवं साहित्यका तेजेश्वर बाबु ग्वङ्ग:ले उक्त पुरस्कार प्रदान गरेको हो ।

कार्यक्रमलाई बोल्दै कुलपति उप्रेतीले ग्वङ्गले निबन्धजगत्मा ठूलो राशिको पुरस्कार स्थापना गरेर सराहनीय काम गरेर निबन्ध लेखनमा प्रेरणा थपेको बताए । वरिष्ठ संस्कृतिविद् तथा साहित्यकार ग्वङ्गले आफ्नो जीवनमा नुन, चुन र सुनमा खर्च नहुने रकम अर्थात् आफूले जीवनभर पाएका पुरस्कार रकम संकलन गरेर अक्षकोष खडा गरी ग्वङ्ग: सिरपा सम्मान स्थापना गरेको बताए । पुरस्कृत सर्जक रोदनले ग्वङ्ग नेपाली निबन्ध र साहित्यको मात्र धरोहर नभई संस्कृतिभित्र विज्ञान खोज्ने र पुष्टि गर्ने संस्कृतिविद् रहेको बताए । उनले राजनेताहरूबाट दिइने पुरस्कार तथा सम्मानभन्दा विशुद्ध साहित्यकारबाट प्रदान गरिने पुरस्कारको औचित्य सबैभन्दा उच्च रहेको बताए ।

पुरस्कृत तथा सम्मानित अर्का सर्जक कायस्थले आफ्नो कृति वीरग्रन्थले पाएको पुरस्कार तथा सम्मान जिउँदा शहीदहरूको सम्मान भएको बताए । उनले कृतिमा जिउँदा शहीदहरूका विषय समेटेर कृति तयार पारिएको बताए ।

प्रज्ञ ध्रुव मधिकर्मीले पुरस्कारको महत्वबारे प्रकाश पारे भने पुरस्कृत तथा सम्मानित सर्जकहरूको कृतित्व र व्यक्तित्वबारे प्राडा लक्ष्मणप्रसाद गौतमले चर्चा गरे । उक्त पुरस्कार सर्जक ग्वंग:ले आफ्नो जन्मदिनको अवसर पारेर प्रदान गरेको हो । साहित्यकार ग्वङ्ग मंगलबार ८७ वर्षमा प्रवेश गरेको हो ।

# ट्रक दुर्घटनामा दुईको मृत्यु




धादिङ (रासस)/ दक्षिणी धादिङको धुनीबेँसी नगरपालिका-१ मा गए राति मिनी ट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

दुर्घटनामा मृत्यु हुनेमा धुनीबेँसी नगरपालिका-१ का ५२ वर्षीया साइली तामाङ र ५५ वर्षीया रुमाल तामाङ छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीका अनुसार दुर्घटनामा गम्भीर घाइते दुवै जनाको उपचारका क्रममा काठमाडौँको स्वयम्भूस्थित मनमोहन मेमोरियल अस्पतालमा मृत्यु भएको हो । दुर्घटनामा अन्य सात जना घाइते छन् ।

घाइतेमध्ये दुई जनाको काठमाडौँस्थित ट्रमा सेन्टरमा र पाँच जनाको मनमोहन मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । कोल्पुबाट ककरेतर्फ जाँदै गरेको बा४ख ५८४८ नंको मिनी ट्रक अनियन्त्रित भई पल्टिँदा दुर्घटना भएको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# राष्ट्रिय कलाकारको प्रस्तुतीसहित शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता



हेटौंडा/नेपाली कांग्रेस मकवानपुरको सांस्कृतिक विभागको आयोजनामा शुभ दीपावली, नेपाल सम्बत्, छठलगायतको पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना भएको छ ।

बुधबार हेटौंडामा भएको कार्यक्रममा नेपालका चर्चित गायक सुगम पोखरेल, कृष्ण काफ्ले, गायिका राधिका हमाल, प्रतिमा अर्याल, बालगायक चिराग डंगोल लगायतले सांगीतिक प्रस्तुती पस्केका थिए ।

सांस्कृतिक विभाग प्रमुख सुशान्तकुमार श्रेष्ठको अध्यक्षता एवम् कांग्रेस नेता विजय कार्कीको संयोजनमा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुर सभापति एवम् बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रमुख अतिथि बानियाँले तिहारलगायतका चाडलाई सभ्य रुपमा मनाउन अनुरोध गरे । चाडपर्वले सामाजिक एकता कायम राख्न मद्दत पुग्ने उनको विश्वास थियो। कार्यक्रममा बरिष्ठ चलचित्रकर्मी नीर शाह, नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाका निवर्तमान सभापति आनन्दराम पराजुलीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका नव निर्वाचित अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालसहितको टिमलाई स्वागत सम्मान समेत गरिएको थियो ।

# कार्यान्वयनमा आउँदै 'प्रदेश बीउ बिजन ऐन'



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशमा 'प्रदेश बीउ बिजन ऐन' कार्यान्वयनमा आउँदै छ । यसअघि नै बागमतीको मन्त्रिपरिषद् बैठकले प्रदेश बीउ बिजन ऐन स्वीकृत गरेपछि कार्यान्वयनको तयारीमा रहेको छ ।

प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले राजपत्रमा सूचना जारी गर्ने तयारी भइरहेको जानकारी दिएको छ । प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना भएपछि प्रदेशमा काम गर्न सहज हुने मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले जानकारी दिए । उनका अनुसार राजपत्रमा सूचना प्रकाशन भएपछि ऐन स्वगत कार्यान्वयनमा जानेछ ।

बागमतीमा प्रदेश बीउ बिजन व्यवस्थापन समितिलाई पूर्णता दिने तयारी भएको छ । कानूनी व्यवस्था अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिवको अध्यक्षतामा समिति बन्नेछ । समिति सदस्यमा कृषि विकास निर्देशनालयका प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद् बागमती प्रदेशबाट तोकेको सदस्य, बीउ बिजन कम्पनि लिमिटेडबाट एक जना, मन्त्रालयद्वारा मनोनित बागवानी, खाद्यान्न, नगदेवाली, विज्ञानसँग सम्बन्धित विशेषज्ञबाट एक जना रहने छन् ।

यसैगरी बीउ बिशेषज्ञ कृषि तथा वन विश्वविद्यालयका सह प्रध्यापक, बागमती प्रदेशको नेपाल बीउ व्यावसायी संघको शिफारिसमा मन्त्रालयले मनोनित गरेको बीउ बिजन उद्यमीहरु मध्यबाट कम्तीमा एक जना महिला सहित दुइ जना, प्रदेशको बीउ उत्पादक संघको सिफारिसमा मन्त्रालयले मनोनित गरेको कम्तिमा एक जना, महिला सहित दुइजना सदस्य रहने व्यवस्था गरिएको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए ।

# 'चोरपुलिस' विशेष प्रदर्शन गरिने

साझाकुरा संवाददाता




हेटौंडा/नेपाली कथानक चलचित्र 'चोरपुलिस' शुभदिपवाली तथा छठ पर्वको अबसर पारेर हेटौंडामा विशेष प्रदर्शन गरिने भएको छ ।

हेटौडाको ओम म्याक्स हलमा २५ कार्तिकमा प्रदर्शन हुने जानकारी दिइएको छ । निर्माता विकास लामा (अजय)का अनुसार दिउसो १२ बजेदेखि ३ बजेसम्म चलचिल प्रदर्शनमा आउन लागेको हो । चलचित्रको विशेष प्रदर्शन पहिलो पटक हेटौंडाबाट गर्न लागिएको लामाले बताए ।

उनका अनुसार चलचित्र चाडै नै देशभरप्रदर्शनमा आउने छ । चलचित्रमा धिरेन शाक्य, राजेन्द्र खड्की, बुद्धि तामाङ (हैट), जयनन्द लामा, जयकिशन बस्नेत, जयन्ति बस्नेत, सोभित बस्नेत, सुसिल पोखरेल, रामचन्द्र अधिकारी, सुरबीर पण्डित, सुलेमान शंकर (इकु) लगायतका कलाकारहरुको मुख्य अभिनय छ ।

चलचित्रमा आर एल लामाको कथा तथा पटकथा, रामेश्वर हुमागाईको छायांकन, बिकास चौधरीको संगीत, राजु किरातीको द्वन्द, अजय स्याङ्तानको नृत्य निर्देशन, तारा थापा किम्भेको सम्पादन रहेको चलचित्र निर्माण युनिटले जनाएको छ । आर सोनाम मुक्तान, लंका माया मुक्तानको निर्माणमा बनेको चलचित्रलाई आर एल लामाले निर्देशन गरेका छन् ।

चलचित्र प्रदर्शन युनिटको टिकटका लागि नविन राना, जीवन लामा, सुदिप लामा, बुद्ध लामा र लाई सम्पर्क गर्न निर्माता लामाले अनुरोध गरेका छन् । प्रदर्शन बारे जानकारी दिन आयोजित कार्यक्रममा चलचित्र निर्माता लामा, तामाङ सास्कृतिक घेदुङ मकवानपुरका अध्यक्ष शुक्र लामा (अजय), विशेष प्रदर्शन युनिटका राजकुमार थिङ र तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानलगायतकाको आतिथ्यता थियो ।

# यू-१९ क्रिकेट खेलाडी छनोट सुरु

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुरमा अन्डर-१९ क्रिकेट खेलाडी छनोट सुरु भएको छ । मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा बुधबार बाट क्रिकेटका खेलाडी छनोट सुरु गरिएको हो ।

नेपाल क्रिकेट संघले आगामी मंसिर पहिलो साताबाट यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएकोले छनोटमा सहभागिता हुनका लागि छनोट सुरु गरिउको हो ।

प्रतियोगिताअघि बागमती प्रदेशका जिल्लाका यू-१९ क्रिकेट टिम बिच प्रतियोगिता भइ त्यसबाट खलाडी छनोट हुने बागमती प्रादेशिक क्रिकेट संघका उपाध्यक्ष प्रेम क्षेत्रीले जानकारी दिए । जसका लागि जिल्लाबाट राम्रा खेलाडीहरु छनोट गरी बागमती प्रदेश छनोटमा मकवानपुरका धेरै खेलाडीहरु छनोट हुनेगरी तयारी गरिने उनले बताए ।

प्रदेशमा १३ जिल्ला भएपनि हालसम्म ६ जिल्लाबाट मात्र क्रिकेट टिम आउने जानकारी प्राप्त भएकाले ६ टिमबिच प्रदेश छनोट हुने पनि उपाध्यक्ष क्षेत्रीले बताए । जसका लागि भइरहेको जिल्ला छनोटमा १९ वर्ष मुनिका ४० जना खेलाडीहरु उपस्थित छन् ।

सहभागि खेलाडीहरुबाट उनीहरुको प्रदर्शनको आधारमा १४ जना खेलाडी छनोट गरिने छ । यस्तै ४ जना बैकल्पिक खेलाडी पनि छनोट हुनेछन भने छनोट भएका खेलाडीहरुको नामावली बुधबार नै दिउँसो ३ बजे पछाडी सार्वजनिक गरिने जनाइएको छ ।

छनोट कार्यक्रमको उद्घाटनमा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख राजन दाहाल खुसराज, मदन भण्डारी स्पोर्टस् एकेडेमी मकवानपुरका अध्यक्ष प्रकाश सुवेदीलगायतको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा देउसी, भैलो राती ८ बजेसम्म मात्र

साझाकुरा संवाददाता

हेटौंडा/यसवर्ष तिहारमा मकवानपुरमा राति ८ बजेसम्म मात्र देउसी भैलो खेलन पाइने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै राति ८ बजेपछि देउसी भैलो नखेल्न/नखेलाउन भनिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालद्वारा हस्ताक्षरित सूचनामा जानकारी गराइएको छ ।

प्रशासनले कोरोना भाइरस संक्रमितको संख्या घटेपनि जोखिम कायमै रहेको भन्दै जनस्वास्थ्यको पालना गरी तिहार तथा छठ पर्वलगायतका चाडपर्व मनाउन आग्रहसमेत गरेको छ । प्रशासनले तिहार र छठ पर्व मनाउने क्रममा पड्का, भुँईचम्पा, आतिशबाजी गर्न पनि बन्देज लगाएको छ ।

कोभिड-१९ को संक्रमितहरुको संख्या घटेको देखिएपनि संक्रमणको जोखिम कायमै रहेकोले तिहार तथा छठ पर्वहरुमा जनस्वास्थयका मापदण्डको पालना गरी चाडपर्व मनाउन प्रशासनले जनाएको छ ।

पटकाजन्य पदार्थको ओसार-पसार, बिक्री बितरण तथा प्रयोगमा पूर्णरुपमा बन्देज गरिएकोले त्यस्ता गतिविधि नगर्न नगराउन निर्देशन गरिएको र गरेको पाइएमा कानून बम्मोजिम कारबाही हुने पनि प्रशासनले चेतावनी दिएको छ ।

# चार सय २१ जना कांग्रेस प्रवेश




साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको विकट कैलाश गाउँपालिकामा विभिन्न पार्टी परित्याग गरी ४ सय २१ जना नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

कांग्रेस कैलाश गाउँपालिका समितिले आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा माओवादी विप्लपका कैलाश इन्चार्ज अमृत रुम्बा, एमालेबाट कैलाश-३ का वडा अध्यक्षका प्रत्यासी वीरबहादुर प्रजा, एमालेबाट निर्वाचित वडा सदस्य १ नम्बर शालिकराम थिङ, माओवादीबाट निर्वाचित ४ नम्बर वडा सदस्य सुन्तली सुनारसहित माओवादी केन्द्र र एमालेका चार सय २१ जना नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् ।

कांग्रेस कैलाश गाउँ-पालिका सभापति राजेन्द्र घिसिङको सभाध्यक्षता, कांग्रेस केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय डिनाको प्रमूख आतिथ्यता तथा कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवम् मकवानपुर सभापति इन्द्रबहादुर बानियाँको विशेष आतिथ्यमा नवप्रवेशीलाई सदस्यता दिएर पार्टीमा स्वागत गरिएको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुर जिल्ला सदस्य मिरा स्याङतान, संघीय सभापति यतिराज सापकोटा, क्षेत्रीय सभापति लोक मुक्तान, महासमिति सदस्यद्वय रञ्जन कालाखेती र भरत लामा, कांग्रेस हेटौंडा उपमहानगर निवर्तमान सभापति आनन्दराम पराजुली, बागमती प्रदेशसभा सदस्य सन्त चेपाङ, कांग्रेसका पुराना नेता पशुपति रिजाल, कैलाश गाउँपालिका उपसभापति मानबहादुर वाईबा, तरुण दल जिल्ला अध्यक्ष इश्वर पाठक, कैलाश १० का वडाअध्यक्ष माणिकलाल मुक्तानलगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## नेपाल रेडक्रस सोसाइटी

**मकवानपुर जिल्ला शाखा**

फोन नं. ०५७-५२०७११

### शिलबन्दी बोलपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१८ गते)*

अमेरिकन रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला शाखाद्वारा सञ्चालित **PREPARE Project** अन्तर्गत नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला शाखाको हाताभित्र निर्माण भएको रक्त संचार भवनको लागि मेडिकल तथा इलेक्ट्रिकका सामाग्री खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारको इजाजत प्राप्त फर्म/सप्लायर्स, कम्पनीहरुबाट पत्रिकामा प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न आव्ह्यान गरिएको छ ।

**शर्तहरु :-**

१) बोलपत्र फाराम रु.२००/- **(Non-refundable)** नगद भुक्तानी गरी नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला शाखाको प्रशासन फाँटबाट प्राप्त गर्न सकिनेछ ।

२) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला कार्यालय, हेटौंडामा भ्याटमा फर्म दर्ता प्रमाणपत्र साथै सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नवीकृत) र अर्नेष्ट मनि वा बिडबन्ड **(Earnest Money or Bid Bond)** वापत कबोल गरिएको रकमको कम्तीमा २.५ प्रतिशत नेपाल रेडक्रस सोसाइटी, मकवानपुरको नाममा बैंक दाखिला गरेको भौचर रसिद अनिवार्य पेश गर्नु पर्नेछ । उक्त अर्नेष्ट मनि वा बिडबन्डको समयावधि ३० दिनको हुनेछ । शिलबन्दी बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा भएमा त्यसको भोलिपल्ट पनि बुझाउन सकिने छ ।

**रकम जम्मा गर्ने बैंक र ठेगाना :** कृषि विकास बैक लिमिटेड, सिटी अफिस, हेटौंडा

**खाताको नाम :** नेपाल रेडक्रस सोसाइटी, चल्ती हिसाब खाता नं. ०५-०८५-००२७३५३१-०१-५

३) बोलपत्र बुझाउने अन्तिम दिनको भोलिपल्ट वा सार्वजनिक बिदा भएमा त्यसको भोलिपल्ट नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कार्यालयमा शिलबन्दी बोलपत्रवालाको रोहवरमा खोलिने छ । तर यो समयमा बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । रितपूर्वक पेश नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

४) बोलपत्रदाताले सहिछाप गरी शिलबन्दी खाम बाहिर सप्लायर्सको नाम ठेगाना प्रस्टसँग लेखि सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ३:०० बजेभित्र यस कार्यालयमा पेश गरि सक्नुपर्ने छ ।

५) छनौट भएको बोलपत्रदाताले कम्तीमा बोल अंकको १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानी **(Performance Bond)** जम्मा गर्नुपर्नेछ ।

६) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सोसाइटीमा सुरक्षित रहनेछ । बोलपत्र गुणस्तर र मुल्यलाई आधार मानी छनौट गरिनेछ । छनौट भएको बोलपत्र फर्मले सम्झौता भएको मितिले १५ दिनभित्र समान सप्लाई गर्नु पर्नेछ ।

७) यस सूचनामा उल्लेख भए बाहेकका नियम नेपाल रेडक्रस सोसाइटी खरीद तथा प्रचलित नियममावली अनुसार हुनेछ बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।



## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब




हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५९०६४१, ९८५५०४२९६३



चितवन मेडिकल कलेज, CMC भरतपुरका

वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

**डा. प्रकृति सिटैला**

अब

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः-

- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमाः *www.sajhakuranews.com*

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालयः हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल